आज मिति २०७७।०८।२३ गते मंगलबार विहान ११:३० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष

२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष

३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य

४ श्री कृष्ण कुमार कार्की – सदस्य

५ श्री ज्ञान वहादुर तामाङ – सदस्य

६ श्री लोक बहादुर कुँवर – सदस्य

७ श्री अञ्चल कुमार लामा – सदस्य

८ श्री भरत बहादुर शिवभक्ती – सदस्य

९ श्री रमेश राज खरेल – सदस्य

१० श्री मोतिलाल तामाङ – सदस्य

११ श्री दल बहादुर तामाङ – सदस्य

१२ श्री चित्र बहादुर तामाङ – सदस्य

१३ श्री माया तामाङ – सदस्य

१४ श्री सानुमाया पहरी – सदस्य

१५ श्री उर्मिला वि. क. बराइली – सदस्य

१६ श्री सावित्रा अछामी – सदस्य

१७ श्री बालकृष्ण पहरी – सदस्य

१८ श्री शंकर नेपाली – सदस्य

१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरु

१ अपाङ्गता परिचयपत्र वितरण ।

२ कार्यक्रम स्विकृति सम्बन्धमा ।

३ आन्तरिक आयको ठेक्का सम्बन्धमा ।

४ सामुदायिक संस्थाहरुको विवरण पेश गर्ने सम्बन्धमा ।

५ आर्थिक सहायता सम्बन्धमा ।

६ सडक बोर्डको अनुदानमा संचालन हुने आयोजना सम्बन्धमा ।

७ लक्षित समुदायको कार्यक्रम संचालन कार्यविधि २०७७ सम्बन्धमा ।

निर्णयहरु:

१ यस गाउँपालिका क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरी अपाङ्गता परिचयपत्र अद्यावधिक तथा नयाँ परिचय पत्र वितरण पुष महिनाको पहिलो हप्ता तपशिल बमोजिमको वडाहरुमा गर्ने निर्णय भयो ।

तपशिल

| मिति | समय | स्थान |
|---|---|---|
| २०७७।०९।०५ | विहान ८ बजे | वडा नं ३ |
| २०७७।०९।०५ | दिनको १ बजे | वडा नं २ |
| २०७७।०९।०६ | विहान ८ बजे | वडा नं ४ |
| २०७७।०९।०६ | दिनको १ बजे | वडा नं ५ |
| २०७७।०९।०७ | विहान ८ बजे | वडा नं ६ |
| २०७७।०९।०७ | दिनको १ बजे | वडा नं ७ |
| २०७७।०९।०८ | विहान ८ बजे | वडा नं ९ |
| २०७७।०९।०८ | दिनको १ बजे | वडा नं १० |
| २०७७।०९।०९ | विहान ११ बजे | वडा नं १ |
| २०७७।०९।१० | विहान ११ बजे | वडा नं १० |

२ सामुदायिक सारथी संस्थाले द एशिया फाउन्डेसनको आर्थिक सहयोगमा यस गाउँपालिकामा क्षेत्रमा **स्थानीय जवाफदेहिता र पारदर्शिता पहल परियोजना(Local Accountability and Transparency- LATI )** २०२० सेप्टेम्बर १८ देखि २०२१ अक्टुबर १७ सम्म संचालन गर्न मिति २०७७।०६।२० को च.नं. ०२३-७७।७८

Scanned with CamScanner

को पत्रबाट माग भई आएकोमा सो परियोजनालाई यस गाउँपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्न स्विकृति प्रदान गर्ने निर्णय गरियो ।

३ आन्तरिक आयको ठेक्का सम्बन्धमाः यस गाउँपालिकाको सुनकोशी तथा इन्द्रावति नदिको बगरमा रहेका तपशिल बमोजिमका बगरहरुमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा ९ महिनाको लागि स्विकृत परिणामका आधारमा ठेक्का प्रकृयामा लाग्ने समय र सम्झौता हुने सम्भावित अवधि पश्चात बाँकी बढीमा ६ महिनाको लागि उत्खनन् गर्न सकिने परिणामका आधारमा यस गाउँपालिकाको आर्थिक ऐन २०७७ ले तोकेको दररेट अनुसार निम्न बमोजिमको न्युनतम आय रकम निर्धारण निर्णय गरियो ।

| क्र स | बगरको नाम | वडा नं | जम्मा परिमाण (९ महिना) घनमिटर | जम्मा परिमाण (६ महिना) घनमिटर | स्विकृत आय (६ महिना) | प्याकेज नं |
|---|---|---|---|---|---|---|
| १ | बाधा बगर | १ | १४१६२।०९ | ९४४१।३९ | २९९८४७३।०२ | १ |
| २ | सिलामे बगर | १ | १०३२४।९६ | ६८८३।३१ | २१८६०५६।१३ | २ |
| ३ | आँपघाट बगर | ६ | ३२५३९।६४ | २१६९३।०९ | ६८८९४६४।४६ | ३ |
| ४ | आमथली बगर | ७ | १७०८१।५८ | ११३८७।७२ | ३६१६६०२।९८ | ४ |
| ५ | पाटी बगर | ७ | २०९५७।०५ | १३९७१।३७ | ४४३७१३७।८९ | |
| ६ | डुम्रे बगर | ८ | १४०५१।१० | ९३६७।४० | २९७४९७३।४८ | ५ |
| ७ | हर्राको बोटमुनिको बगर | ८ | २४२१३।३० | १६१४२।२० | ५१२६५६८।२० | ६ |
| ८ | काफ्लेका गर्तिला बगर | ९ | २०३८।१८ | १३५८।७८ | ४३१५३३।२४ | ७ |
| ९ | लामपाते बगर | ९ | ७३६९।४८ | ४९१२।९९ | १५६०३०५।३३ | |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | देउपाले बगर | ९ | १८६३९।२६ | १२४२६।१७ | ३९४६४०३।४२ | |
| ११ | पशुपति बगर | १० | ६५४८६।५४ | ४३६५७।६९ | १३८६५१५७।१७ | ८ |
| १२ | डडुवा बगर | १० | १०४०२।१५ | ६९३४।७६ | २२०२३९७।६१ | ९ |
| जम्मा | | | | | ५०२३५०७२।९३ | |

४ यस गाउँपालिका क्षेत्रमा क्रियाशिल सामुदायिक संस्थाहरुः सहकारी संस्था, सामुदायिक विद्युतिकरण संस्थाहरु, क्लवहरु, सामुदायिक वन उपभोक्ता समुह इत्यादिलाई गतः आर्थिक वर्ष २०७६।७७ सम्मको लेखा परिक्षण प्रतिवेदन, वार्षिक साधारण सभाका निर्णयहरु तथा यस आर्थिक वर्षका लागि तयार भएका तथा स्विकृत भएका कार्ययोजनाहरु लगायतका ती संस्थाहरुले नियमानुसार नियमित रुपमा प्रतिवेदन गर्नुपर्ने क्रियाकलापहरुका सम्बन्धमा यस कार्यालयमा विवरण पेश गर्नुहुन पत्राचार गर्ने र सो बमोजिम विवरण पेश नगर्ने संस्थाहरुलाई थप स्थलगत अनुगमन समेत गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५ वडा नं ८ डाँडा गाउँ निवासी ५५ वर्षिय कान्छाराम तामाङको मृगौला रोगको उपचारको लागि रु ३०००० (रु तीसहजार मात्र )आर्थिक सहयोग गर्ने निर्णय गरियो।

६ सडक बोर्ड नेपालको पसं ०७७।७८ च.नं ४५२ मिति २०७७।०८।१४ को पत्र अनुसार यस गाउँपालिकामा आयोजना संचालनको लागि स्विकृत बजेट अनुसार तपशिल बमोजिमको योजना स्विकृतिको लागि सडक वोर्ड नेपाल समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

दोलालघाट भुम्लुटार सल्ले सडक अन्तर्गत राउपाखा खण्ड मर्मत आयोजना

७ लक्षित समुदायको कार्यक्रम संचालन कार्यविधि २०७७ स्विकृत गर्ने निर्णय गरियो।

Scanned with CamScanner